**भैंसी विकास सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७**

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०७७/०७/२७ मा स्वीकृत)

(पहिलो संसोधन मिति २०७८/०६/१०)

भैंसीपालन व्यवसायलाई प्रवर्द्धन गरी दूध र मासु उत्पादन वृद्धि गर्न गण्डकी प्रदेश सरकारको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भैंसी विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

**१. आवेदकको योग्यता र पेश गर्नुपर्ने कागजातहरु :**

**१.१ आवेदकको योग्यता :**

क) आवेदक समूह, समिति वा सहकारी हुनुपर्नेछ।

ख) न्यूनतम १०० गोटा माउ भैंसी पालन गरेको हुनुपर्नेछ।

**१.२ पेश गर्नुपर्ने कागजातहरु :**

क) आवेदकको कम्तिमा १० प्रतिशत लागत साझेदारी हुने गरी बुँदा नं ३ बमोजिमको ढाँचामा तयार गरिएको प्रस्ताव पेश गर्नुपर्नेछ।

ख) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ । तर समुह/समिति दर्ता सम्बन्धी कागजात छनौट भई सम्झौता गर्दाका बखत पनि पेश गर्न सकिनेछ।

**२. प्रस्ताव छनौटको लागि मूल्याङ्कनका आधारहरु:**

| क्र.सं. | विवरण | अंक भार |
|---|---|---|
| **१** | **व्यवसायिक योजनाको प्रस्ताव (लागत र समय, उत्पादन तथा उत्पादकत्व वृद्धि, बजारीकरण)** | **१५** |
| **१.१** | **लागत** | **५** |
| १.१.१ | कूल लागतमा आवेदकको ५०% भन्दा बढी लागत साझेदारी भएको | ५ |
| १.१.२ | कूल लागतमा आवेदकको २५ भन्दा वढी ५०% सम्म लागत साझेदारी भएको | ४ |
| १.१.३ | कूल लागतमा आवेदकको १०-२५% सम्म लागत साझेदारी भएको | ३ |
| **१.२** | **उत्पादन र उत्पादकत्व वृद्धि** | **५** |
| १.२.१ | दुध उत्पादनमा ४०% वा सो भन्दा बढीले वृद्धि गर्ने | ५ |
| १.२.२ | दुध उत्पादनमा ४०% भन्दा कमले वृद्धि गर्ने | ३ |
| **१.३** | **बजारीकरण** | **५** |
| १.३.१ | कूल दुध उत्पादन मध्ये ७५% वा सो भन्दा बढी परिमाण विक्रि गर्ने | ५ |



*पहिलो संसोधनबाट संसोधित।

| | | |
|---|---|---|
| १.३.२ | कूल दुध उत्पादन मध्ये ७५% भन्दा कम परिमाण विक्रि गर्ने | ३ |
| **२** | **प्राविधिक उपयुक्तता** | **५** |
| २.१ | पर्याप्त र उपयुक्त जमिन भएको, उपयुक्त हावापानी भएको, घाँसमा आधारित पशुपालन भएको | ५ |
| २.२ | पर्याप्त र उपयुक्त जमिन नभएको वा उपयुक्त हावापानी नभएको, वा घाँसमा आधारित पशुपालन नभएको | ३ |
| **३** | **लाभान्वित घरधुरी** | **५** |
| ३.१ | २० वा २० भन्दा बढी | ५ |
| ३.२ | २० भन्दा कम | ३ |
| **४** | **अपेक्षित नतिजा र दिगोपना** | **५** |
| **५** | **अघिल्ला दुई आ.व मा कुनै कार्यालयबाट अनुदान लिए/नलिएको** | **१०** |
| ५.१ | नलिएको | १० |
| ५.२ | प्रस्तावमा उल्लेखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको लागि लिएको | ५ |
| **जम्मा** | | ४० |

*नोटः कार्यालयले प्रस्ताव छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्नेछ। स्थलगत अनुगमन गर्दा प्रस्तावमा उल्लेखित विवरणहरुको तालमेल मिले नमिलेको हेरी मात्र मूल्याङ्कन गर्नुपर्नेछ।*

**३. प्रस्तावको ढाँचा**

क) आवेदकको नाम र ठेगाना :

ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं :

ग) कार्यक्रम सञ्चालन हुने स्थान :

घ) सञ्चालन गर्ने व्यवसाय (स्थानीय वा उन्नत भैसी पालन) :

ङ) कुन प्रणाली (वधुवा वा घुम्ति प्रणाली) बाट भैसी पालन गरीन्छः

च) लाभान्वित घरधुरी :

छ) हाल आवेदकसंग भएका जम्मा भैसी संख्याः

ज) हाल आवेदकसंग भएका जम्मा भैसी मध्ये स्थानीय भैसीको संख्याः

झ) खरीद गरी थपिने भैसी संख्याः

ञ) सञ्चालन गरिने क्रियाकलापको विवरण :

| क्र.स. | क्रियाकलापको विवरण | परिमाण (संख्या, गोटा आदि) | अनुमानित लागत रु | | कुल रकम | सम्पन्न गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | आफूले व्यहोर्ने | माग गरिएको | | |



*पहिलो संसोधनबाट संसोधित।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अ) | पुँजीगत कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| आ) | अन्य कार्यहरु | | | | | |
| | भैसी खरीद | | | | | |
| | भैसी खरीद ढुवानी खर्च | | | | | |
| | ............. | | | | | |
| जम्मा | | | | | | |

**ट) प्रस्तावित कार्यक्रम सञ्चालनबाट प्राप्त हुने उपलब्धिहरु (भौतिक संरचना विकास/सुधार, सामग्रीको व्यवस्था, पशु संख्या, उत्पादन आदि):**

| क.सं. | विवरण | एकाई | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | हालको अवस्था | कार्यक्रम सञ्चालन पश्चातको अवस्था | |
| अ) | भौतिक संरचना विकास/सुधार | | | | |
| | | | | | |
| आ) | सामग्रीको व्यवस्था र भैसी संख्या | | | | |
| | | | | | |
| | | | | | |
| इ) | उत्पादन | | | | |
| | मासिक दूध उत्पादन | | | | |
| | वार्षिक पाडा/पाडी उत्पादन | | | | |
| | | | | | |
| ई) | अन्य उपलब्धिहरु | | | | |
| | | | | | |

ठ) कार्यक्रम सञ्चालन हुने क्षेत्रमा घाँसको स्रोत के के छ? र घाँस विकास गर्न के गर्नुपर्छ? खुलाउने।

ड) कार्यक्रम सञ्चालन हुने क्षेत्र वा त्यस क्षेत्रको नजिकै दुध संकलन/चिस्यान केन्द्र छ कि छैन खुलाउने।

ढ) कार्यक्रम सञ्चालन पश्चात मासिक कति लिटर दुध कहाँ विक्री गरिन्छ? वा मासिक कति लिटर दुधवाट के के बनाएर कहाँ विक्रि गरिन्छ? खुलाउने।

प्रस्तावकको:



*पहिलो संसोधनबाट संसोधित।

नामः छापः

ठेगानाः

सम्पर्क व्यक्तिः दस्तखतः

मितिः

**४. कार्यक्रम सञ्चालन विधी :**

**४.१ क्षेत्र निर्धारण :**

क) कार्यालयले भैंसी संख्या, आहारा उपलब्धता/संभावना, पूर्वाधार उपलब्धता र वार्षिक बजेटको आधारमा कार्यक्रम सञ्चालन हुने क्षेत्र तोक्न सक्नेछ।

ख) भैंसी विकास कार्यक्रम सञ्चालन गर्दा स्थानीय जातको भैंसी उपलब्ध नभएको अवस्थामा मात्रै उन्नत नश्लको भैंसी विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

ग) स्थानीय नश्लका भैंसी विकास कार्यक्रम सञ्चालन हुने स्थानमा आवेदकले पालेका जम्मा भैंसी मध्ये कम्तिमा ६० प्रतिशत भैंसी स्थानीय जातको हुनुपर्नेछ।

**४.२ सञ्चालन गर्न सकिने क्रियाकलापहरु :**

**क) आधारभूत तथ्याङ्क लिने**

कार्यक्रम सञ्चालन हुने स्थानको पशु संख्या, दूध उत्पादन र उत्पादकत्व, आहारा उत्पादन हुने क्षेत्रफल, दूध र दुग्ध पदार्थको बजारिकरणको पूर्वाधारहरु, बिमा आदिको बारे तथ्याङ्क संकलन गर्नुपर्नेछ।

**ख) भैसी बिकास**

अ) कृषकले पालेका मध्ये उच्च नश्लका भैंसी छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। उच्च नश्ल बाहेकका भैंसीहरुलाई प्रतिस्थापन गर्न वा भैसी संख्या वृद्धि गर्न उच्च नश्लको भैंसी खरिदमा ढुवानी (सवारी साधानमा ढुवानी गरेको हकमा मात्र) अनुदान दिन सकिनेछ।

आ) उन्नत जातका भैंसी पालन गर्ने स्थानमा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

इ) स्थानीय जातका भैंसी पालन गर्ने स्थानमा उच्च नश्लको स्थानीय जातको राँगा वितरण गरी नश्ल सुधार गर्नुपर्नेछ।

**ग) पूर्वाधार विकास**

अ) बधुवा प्रणालीबाट भैंसी पालन गर्ने स्थानमा गोठ तथा भकारो सुधारको लागि अनुदान उपलब्ध गराउन सकिनेछ।

आ) घुम्ति प्रणालीमा भैंसी पालन गर्ने स्थानमा निम्न पूर्वाधारहरुको लागि अनुदान उपलब्ध गराउन सकिनेछ।



*पहिलो संसोधनबाट संसोधित।

- अस्थाई गोठको व्यवस्थापन
- खानेपानीको व्यवस्थापन (पानीको स्रोत संरक्षण गरी संकलन गर्ने कार्य)
- दाना पानी खाने डुँड व्यवस्थापन
- घुम्ति गोठमा बिजुलिको लागि सोलार सेट

घ) **घाँस खेती**

अ) घुम्ति चरनको लागि खर्क सुधार गरी खर्कमा घाँस बिकासका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

आ) बधुवा प्रणालीको लागि घाँसका बीउ बेर्ना वितरण गरी घाँस खेतीका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

**ङ) दूध र दुधजन्य पदार्थको बजारीकरण सम्बन्धी कार्यक्रम :**

अ) उत्पादित दूधको संकलन तथा विक्रि वितरण गर्न पायक पर्ने स्थानमा रहेको दूध संकलन/चिस्यान केन्द्रको सुदृढीकरण गर्न सकिनेछ। त्यस्तो केन्द्र नभएको स्थानमा दूध संकलन/चिस्यान केन्द्र स्थापना गर्न सकिनेछ।दूध संकलन/चिस्यान केन्द्रको स्थापना वा सुदृढीकरण गर्दा प्रचलित मापदण्ड वमोजिम गर्न सकिनेछ।

आ) घुम्ति प्रणालीमा भैंसी पालन गर्ने स्थानमा दुग्धजन्य पदार्थहरुको उत्पादन गर्न आवस्यक सामग्रीहरुको वितरण र वजारीकरणका कार्यहरु गर्न सकिनेछ ।

**च) पशु स्वास्थ्य सुदृढीकरण कार्यक्रम :**

आन्तरिक बाह्य परजिवी नियन्त्रण, खनिज र भिटामिन वितरण, प्रजनन विकृति निवारण तथा पशु खोप जस्ता कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

**छ) क्षमता अभिवृद्धि कार्यक्रम :**

कृषकको भैंसीपालन सम्बन्धी ज्ञान अभिवृद्धि गर्न पशु स्वास्थ्य, आहारा र अन्य व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्न सकिनेछ।

**ज) पशु पहिचान र अभिलेख व्यवस्थापन** :

कार्यक्रममा संलग्न हुने भैंसीहरु र तिनीहरुबाट उत्पादित पाडा/पाडीहरुको ट्यागीङ गरी पहिचान गर्नुपर्नेछ।भैंसीहरुको उत्पादन सम्बन्धी अभिलेख कार्यालयले तोकेको फर्मेटमा अनुदानग्राहीले उपलब्ध गराउनुपर्नेछ।

**झ) फलोअप कार्यक्रम सञ्चालन गर्न सक्ने** :

अ) कार्यालयले प्रथम पटक सञ्चालन भएको वर्ष वाहेक लगातार थप २ वर्ष सम्म सोही स्थानमा फलोअपका कार्यक्रम सञ्चालन गर्न सक्नेछ । फलोअपका कार्यक्रम सञ्चालन गर्दा घाँस खेती, पशु स्वास्थ्य सुदृढीकरण, ट्यागीङ जस्ता कार्यक्रम गर्न सकिनेछ ।



*पहिलो संसोधनबाट संसोधित।

आ) कार्यक्रममा पहिलो बर्ष समावेश भैसीहरुवाट उत्पादित १ वर्ष भन्दा माथिका कोरली पाडीहरु पालन वापत कार्यक्रम सञ्चालन भएको तेश्रो बर्ष प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिनेछ ।तर त्यस्ता भैंसीहरु कुनै कारणले मृत्यु भएकोमा बाहेक पालन गरिरहेको नभेटिएमा तिनीहरुबाट उत्पादित पाडीहरुलाई प्रोत्साहन अनुदान उपलब्ध गराउन पाइने छैन।

**५. आर्थिक पक्ष :**

क) प्रति भैंसी बढीमा रु ५०००/- को दरले प्रति कृषक अधिकतम ५ वटा भैंसीको लागि* ढुवानी अनुदान उपलब्ध गराउन सकिनेछ।

ख) आवश्यक अनुपातमा हुन आउने संख्यामा उच्च नश्लको प्रजनन योग्य राँगो खरिद तथा वितरण गर्न सकिनेछ।

ग) गोठ तथा भखारो निर्माण सुधारको लागि प्रति भैंसी रु ५०००/- को दरले प्रति कृषक अधिकतम रु २५,०००/-* सम्म उपलब्ध गराउन सकिनेछ।

घ) घुम्ति प्रणालीमा अस्थाई गोठ निर्माण/सुधारको लागि प्रति भैंसी रु ६०००/- को दरले प्रति कृषक अधिकतम रु ३०,०००/- सम्म उपलब्ध गराउन सकिनेछ।तर त्यस्ता गोठहरु सामुहिक भएमा रु २,५०,०००/- सम्म अस्थाई गोठ निर्माण/सुधारको लागि समुहलाई अनुदान उपलब्ध गराउन सकिनेछ।

ङ) दूध संकलन/चिस्यान केन्द्रको स्थापना वा सुदृढीकरण गर्दा अधिकतम रु ५,००,०००/- अनुदान उपलब्ध गराउन सकिनेछ।

च) पाडीहरु पालन वापत प्रति पाडी रु १०,०००/- को दरले प्रति कृषक अधिकतम रु ५०,०००/- सम्म प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिनेछ।



*पहिलो संसोधनबाट संसोधित।